## नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## सिंहदरबार प्लाजा, काठमाण्डौं ।

## मिति २०६६/६/२३ गते शुक्रवार देखि २०६६/६/२९ गते विहिवार सम्मको कारोबार

यस साता नेपाल स्टक एक्सचेन्जमा ९३ कम्पनीहरुको कारोबार भएको छ, जस अनुसार ३८७४ कारोबारबाट ३७ करोड १ लाख ३१ हजार रुपैयाँ बराबरका १५ लाख ८९ हजार ३ सय कित्ता शेयरहरु खरीद विक्री भएका छन । कारोबार रकममा गत साताको तुलनामा ३१.४८ प्रतिशतले वृद्धि भएको हो । गत साता ४१२१ शेयर कारोबारबाट २८ करोड ७ लाख ३२ हजार रुपैयाँ बराबरका ५ लाख ४२ हजार ८ सय कित्ता शेयरहरु खरीद विक्री भएका थिए ।

कूल कारोबार मध्ये 'क' वर्गका कम्पनीहरुको मात्र १६ करोड ६१ लाख रुपैयाँ बराबरको कारोबार भएको छ । यो कूल कारोबारको ४४.८९ प्रतिशत हो ।

साताको नेप्से परिसूचक पहिलो दिनको तुलनामा १०.२२ अंकले वृद्धि भई अन्तिम दिन ६०९.५५ विन्दुमा पुगेको छ ।

यसैगरी समूहगत परिसूचकहरुको उतारचढाव यस प्रकार रहेको छ ।

तालिका : १ साताका सूचकाङ्कहरु

| समूह / दिन | वाणिज्य बैंक | उत्पादन मूलक | होटल | अन्य | जलविद्युत | व्यापार | बीमा | वित्त | विकास बैंक | नेप्से इन्डेक्स | सेन्सेटिभ इन्डेक्स | फ्लोट इन्डेक्स |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पहिलो | ५८२.७६ | ४३८.८२ | ३६९.७५ | ६३९.१५ | ८२६.३४ | २६१.३० | ६०८.९४ | ६३०.९५ | ६५४.५० | ५९९.३३ | १५१.५२ | ५७.४१ |
| दोस्रो | ५७८.६१ | ४३८.८२ | ३६९.७५ | ६४६.१९ | ८३१.६५ | २६१.३० | ६०८.९८ | ६३१.०१ | ६५४.३२ | ५९८.३७ | १५०.५३ | ५७.२० |
| तेस्रो | ५७९.७५ | ४३८.८२ | ३६९.७५ | ६४६.१९ | ८३५.६० | २६१.३० | ६०८.८६ | ६२८.३५ | ६५३.०३ | ५९८.८० | १५०.५५ | ५७.१७ |
| चौथो | ५८४.२९ | ४३८.८२ | ३६९.७५ | ६४०.३२ | ८१३.९५ | २६१.३० | ८०९.०४ | ६२६.४३ | ६५३.५१ | ५९९.५० | १५१.२६ | ५७.४० |
| पाचौं | ५९५.६३ | ४३८.८२ | ३६९.७५ | ६५७.९४ | ८१३.९५ | २५६.४१ | ६०९.३२ | ६२७.२७ | ६५९.७२ | ६०९.५५ | १५३.६७ | ५८.१६ |
| परिवर्तन | १२.८७ | ०.०० | ०.०० | १८.७९ | -१२.३९ | -४.८९ | ०.३८ | -३.६८ | ५.२२ | १०.२२ | २.१५ | ०.७५ |

'क' वर्गका कम्पनीहरुको कारोबार मापन गर्ने सेन्सेटिभ इन्डेक्स पहिलो दिनको तुलनामा २.१५ अंकले वृद्धि भई १५३.६७ अंकमा आईपुगेको छ ।

यस साता कारोबार रकम (१० करोड २ लाख रुपैयाँ) तथा शेयर संख्या (११ लाख ७५ हजार कित्ता) को आधारमा नेशनल हाइड्रोपावर कम्पनी र कारोबार संख्या (३७३ वटा) को आधारमा पशुपति डेभलपमेन्ट वैंक अग्रस्थानमा रहेको छ ।

तालिका : २, कारोबार रकमका आधारमा साताका उत्कृष्ठ ५ कम्पनीहरु :

| क्रम संख्या | कम्पनीको नाम | कारोबार रकम (रु. दशलाखमा) |
|---|---|---|
| १ | नेशनल हाइड्रोपावर कम्पनी | १००.२१ |
| २ | स्ट्याण्डर्ड चार्टर्ड बैंक | ५२.२१ |
| ३ | नेपाल वंगलादेश बैंक | २६.८२ |
| ४ | नेपाल एसविआई बैंक | २०.३९ |
| ५ | सिटिजन्स् बैंक इन्टरनेशनल | १५.६८ |

यस साता नेपाल स्टक एक्सचेन्जको कारोबार कक्ष नियमित कारोबारका लागि ५ दिन खुला रह्यो । यस साता पनि ऋणपत्र तर्फ संस्थागत तथा सरकारी ऋणपत्रहरुको कुनै पनि कारोबार भएन ।

**सूचिकरण**

यस साता सूचिकरण तर्फ निम्न कम्पनीको शेयर सूचिकृत भएको छ ।

| सि.नं. | कम्पनीको नाम | सूचिकृत धितोपत्रको किसिम | सूचिकृत धितोपत्र संख्या |
|---|---|---|---|
| १ | नवदुर्गा फाइनान्स | हकप्रद | ५४४३०५ कित्ता |